# भूमिगत काम र सेल्टरको संस्मरण



ईश्वर पोखरेल
वरिष्ठ उपाध्यक्ष

झण्डै १५ वर्ष भूमिगत राजनीतिक जीवन बिताउँदा जनताका हजारौँ घरमा आश्रय लिइयो, सयकडौँ घरहरूलाई महत्त्वपूर्ण कार्यक्रमहरूको थलो बनाइयो। तमाम गतिविधिको केन्द्र एवं पार्टी र व्यक्तिगत जीवनका लागि सुरक्षा कवच बनाइयो। त्यस्ता 'सेल्टर'लाई कसरी बुझ्ने ? त्यस विषयमा कसरी लेख्ने ? लुकेर बस्ने ठाउँ मात्र थिएनन्, सेल्टरहरू। यी त पार्टी निर्माणको उद्देश्यबाट निर्देशित आचरणलाई सुसङ्गठित र व्यवस्थित बनाउने कुरा पनि थिए। साँच्चै फलामे अनुशासनको विषय पनि थियो– सेल्टर ! श्रमजीवी जनताले गरेको अपार माया, विश्वास र उनीहरूसित एकाकार हुने अथक प्रयास पनि थियो– सेल्टर। समर्पणभावका साथ काम गर्दागर्दै गौरवपूर्ण मृत्युवरण गर्ने थलो पनि थियो– सेल्टर। उद्देश्यसित, योजनासित, कामसित, जीवनमरणको लडाइँसित सम्बन्ध राख्ने विषय थियो– सेल्टर !

यिनै बुझाइ, उद्देश्य, मान्यता, अभ्यास र निष्कर्षका आधारमा ग्रामीण भेगका श्रमजीवी जनतामा पुग्ने, उनीहरूसित एकाकार हुने र सम्पूर्ण रूपमा भरोसा गर्ने अर्थात् परिवर्तनका सुन्दर सपना देख्दै, मर्ने– बाँच्ने सङ्कल्प गर्ने कुरासित गाँसेर मैले 'सेल्टर'का लागि आफ्ना भोगाइ/बुझाइलाई जस्ताको तस्तै राखेको छु।

### श्रमजीवी जनतासित एकाकार हुने प्रयत्न

समाज परिवर्तन गर्ने कम्युनिस्ट पार्टीको विचार बुझ्न थालेदेखि ममा अनौठा स्वभाव देखा पर्न थालेका थिए। किशोर उमेरका वा युवावस्थामा रहेकाहरू भन्दा बेग्लै यस्ता स्वभाव स्वाभाविक थिएनन्। निजी र पारिवारिक विषयमा अरुचि हुन थालेको थियो। 'सादगीपूर्ण दिनचर्या' अस्वाभाविक हिसाबले देखा पर्न थालेको थियो।

नमिलाइएका, कच्याककुचुक परेका सामान्य लुगा लगाउने, खाँदा समेत सबै कुरा एउटै थालमा राखेर मिसमास गरेर खाने, थालमा एकैरत्ति नछोडी खाने, आफूले खाएको थाल कचौरा आफैँले माझ्ने, मानिसहरूसित, परिवारका सदस्यहरूसित समेत विद्रोही स्वभाव झल्कने गरी कुरा गर्ने, त्यस्तै खालका गीत कविताहरू खोजी खोजी पढ्ने– सुनाउने, काम गर्ने मानिसहरूसित सानिध्यता, मित्रभाव झल्काउने आदि व्यवहार साँच्चै सामान्य लाग्ने खालका थिएनन्। लाउँलाउँ, खाउँखाउँ भन्ने २१/२२ वर्षे लोर्के केटोको यस्तो अवस्था, परिवार र समाजको नजरमा साँच्चै अस्वाभाविक थियो !

हुन त स्कुले जीवनको अन्तिम–अन्तिम समयमा र कलेज जीवन प्रारम्भ भएदेखि नै खासगरी काठमाडौँ आएर शिक्षाशास्त्रमा पढ्न थालेदेखि नेपाली साहित्यभित्रका समाज सुधार र विद्रोही भावका नाटक, कथा, कविता र जीवनीहरू पढ्न सुरु गरेको थिएँ। लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल, तुलसीराम कुँवर, दौलतविक्रम विष्ट, लीलबहादुर क्षेत्री, लैनसिंह वाङ्देल आदिका किताबहरू खोजी खोजी पढ्न थालेको थिएँ। चिनियाँ र रुसी साहित्यकार खासगरी लु स्यून, माक्सिम गोर्की, सोलोखोवका कृतिहरूले मेरो मन–मस्तिष्कलाई तरङ्गित बनाउन थालेका थिए। भारतीय साहित्यकार रवीन्द्रनाथ टैगोर, राहुल सांकृत्यायन, यशपालका किताबहरूले मलाई समाजलाई हेर्ने–बुझ्ने मामिलामा उज्यालो दिइरहेजस्तो लाग्थ्यो। शेक्सपियरका रचनाहरूबाट सामन्ती समाजबाट पुँजीवादी समाजमा सङ्क्रमण हुन खोजिरहेको त्यस बेलाको युरोपियन समाजको प्रसव पीडाको स्थितिलाई बुझ्न मलाई धेरै सहयोग पुगेको थियो। चिलीका पाब्लो नारुदाको प्रगतिशील र देशभक्तिपूर्ण विचार एवं व्यक्तित्वबाट म विशेष प्रभावित बनेको थिएँ। यिनै कुराहरूले मलाई विकट ग्रामीण क्षेत्रतिर, त्यहाँका बस्ती वासिन्दाहरूका बीचमा पुग्ने, उनीहरूका कुराहरू, खासमा उनीहरूका कथा व्यथाहरू सुन्न पाए हुन्थ्यो भन्ने विशेष रुचि बढ्न थालेको थियो। खासै तयारी नगरी, बाटोखर्चको समेत कुनै जोरजाम नगरी, जहाँ पुगिन्छ त्यहीँका जनतासित माग्दै खाने र जनताको जीवनस्थिति बुझ्दै हिँड्ने एक किसिमले धून नै जागेको थियो। स्कुल–कलेजमा छुट्टीको समय आएपछि केही मन मिल्ने साथीहरूसहित यस्तै यात्राका योजनाहरू बनिहाल्थे। अनि, मन मिल्ने साथीहरू मिलेर हिँडी पनि हालिन्थ्यो। जहाँ पुग्यो, त्यहीँको बास, बसेका ठाउँमा जे भेट्यो, त्यही खाएर गुजारा। ग्रामीण क्षेत्रका श्रमजीवी जनतासित मित्रता गाँस्दै, एकाकार हुँदै कम्युनिस्ट विचार सिक्दै बुझ्दै मेरो विद्यार्थी जीवन यस्तै गरी अगाडि बढिरहेको थियो।

पछिल्लो कालमा चिनियाँ कम्युनिस्ट साहित्य खासगरी माओ त्सेतुङका रचनाहरू, चिनियाँ क्रान्तिका कथाहरूबाट म विशेष प्रभावित हुन थालेको थिएँ।

जनताको सेवा गर्न चाहने युवा विद्यार्थीहरूले स्कुल कलेजमा पढाइ हुने ‘बुर्जुवा शिक्षा’ को मोह त्याग गर्न सक्नुपर्छ भन्दै माओ त्सेतुङले चिनियाँ क्रान्तिमा ऐतिहासिक ‘लङमार्च’पछि स्थापना गरिएको ‘आधार इलाका‘ येनानका युवा विद्यार्थीहरूमाझ गरेको भाषणलाई मैले धेरैपटक दोहोऱ्याएको थिएँ। देशभित्रको राजाको निरङ्कुश शासनसत्ता, सम्पूर्ण राजनीतिक अधिकारहरूमाथिको प्रतिबन्ध तथा जनतामाथिको निर्मम दमनको वातावरणले मलाई थप विद्रोही बनाइरहेको थियो।

यस्तै पृष्ठभूमिमा मैले त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरस्थित शिक्षाशास्त्र अध्ययन संस्थानबाट स्नातक अध्ययन पूरा गरिसकेको थिएँ। म मेरो शैक्षिक संस्थाको उत्कृष्ट विद्यार्थी थिएँ र मेरा लागि उच्च शिक्षामा छात्रवृत्तिको अवसरसमेत खुलै थियो। यसै क्रममा पढाइमा मेरो उत्कृष्टताका कारण स्वीट्जरल्यान्डमा पाँचवर्षे छात्रवृत्तिको अवसरसमेत लगभग निश्चित भइसकेको थियो। त्यो अवसरले मलाई एकातिर हौस्याएकै पनि हो। निजी–व्यक्तिगत जीवनका सुन्दर सपनाहरू ढकमक्क फूल फुले जसरी मेरो दिमागभरि नाचेका थिए, तिनले मलाई पुलकित तुल्याएका थिए। तर सँगसँगै ती सबै सम्भावनालाई त्यागेर, विद्रोही बनेर, पूर्णकालिक भूमिगत कम्युनिस्ट कार्यकर्ताका रूपमा जनताका बीचमा पुग्ने चाहना पनि त्यत्तिकै प्रबल थियो।

केही समयसम्म त्यस्तो अवस्थाले मलाई लखेटिरह्यो। तर अन्त्यमा, म सबै निजी कुराहरू त्यागेर पूर्णकालिक भूमिगत कार्यकर्ता बनेर निस्केको थिएँ। स्विट्जरल्यान्ड जान तयार भएको पासपोर्ट लगायतका कागजपत्र, शैक्षिक प्रमाणपत्र, नागरिकता प्रमाणपत्र र सँगै पढ्दाताकाका मिल्ने साथीहरूसहित हामीलाई छात्रवृत्ति दिलाउन लागिपरेर सहयोग पुऱ्याउने स्वीस सुन्दरी जुडिथ लगायतका थुप्रै थुप्रै सुन्दर तस्बिरहरूलाई मैले च्यातेको थिएँ वा जलाएको थिएँ। यसो गरिरहँदा कताकता कष्ट पुगेजस्तो लागे पनि त्यसबेला मेरो भविष्यको बाटो सोझिएजस्तो लागेको थियो। मलाई त्यसबेला लागेको थियो– निजी स्वार्थ र आशक्तिलाई पन्छाउँदै अघि बढ्न मैले यसो गर्नैपर्छ, सबै निजी कुरा त्यागेर जनताको मान्छे बन्न यसो गर्नैपर्छ ! यी काम गरिसकेपछि म एक किसिमले तनावमुक्त बनेको थिएँ। यसरी, सन्तान जन्माउने बेलामा प्रसव पीडा झेल्दै गरेकी आमाको अवस्था जस्तो भएको थियो मेरो अवस्था।

त्यसबेला पूर्णकालीन भूमिगत कार्यकर्ता बनेर निस्कनु भनेको सामान्य कुरा थिएन। यो भनेको सबै कुरा त्यागेर सधैँ सधैँका निम्ति जनताका लागि जीवन समर्पण गरेर निस्कनु थियो। त्यस्तो निर्णयमा पुगेपछि, प्रसव पीडा सहेर पनि सग्लो र सुन्दर सन्तान पैदा गरेपछि मुस्कुराइरहेकी आमाको जस्तो अनुभव भएको थियो मलाई।

अहिले पनि सम्झन्छु– त्यसबेला मैले गरेको निर्णय मेरो सिङ्गो जीवनका लागि ऐतिहासिक मोड थियो। यही मोडपछिको यात्राले मेरा सम्पूर्ण चिन्तन, गतिविधि र चरित्रलाई नै नयाँ दिशा प्रदान गरेको थियो। जसबाट निर्देशित हुँदै म निरन्तर आजपर्यन्त अघि बढिरहेको छु।

म पूर्णकालीन भूमिगत कार्यकर्ता बनेर पहिलोपटक त्यस्तो ठाउँमा, त्यस्तो बस्तीमा गएको थिएँ, जहाँ त्यसभन्दा अघि कहिल्यै पुगेको थिइनँ, बसेको थिइनँ। समाजमा अछूत मानिएका, अरुकोमा जनवनी (मजदुरी) गरेर जीवन धानिरहेका चमार जातिका भूमिहीन–गरिब वर्गका किसान जनता बसोबास गरेको सानो टोलमा आश्रय लिन पुगेको थिएँ। म अहिले पनि सम्झन्छु, त्यो समय र त्यही ठाउँ मेरा लागि श्रमजीवी जनतासित शिक्षा लिने महत्त्वपूर्ण पाठशाला बनेको थियो। पहिलो राजनीतिक पाठशाला, जहाँ मैले कम्युनिस्ट बन्ने महत्त्वपूर्ण शिक्षा प्राप्त गरेको थिएँ र मेरा मुख्य गुरु चुल्हाई राम लगायतका भूमिहीन किसानहरू थिए।

यसरी, २०३२ साल वैशाखको अन्तिम सातादेखि प्रारम्भ भएको मेरो कष्टकर भूमिगत राजनीतिक यात्रामा मैले १५ वर्ष बिताएँ। २०४६ चैत २६ गते ऐतिहासिक जनआन्दोलनबाट राजनीतिक दलहरूमाथिको प्रतिबन्ध हटेर बहुदलीय व्यवस्था पुनर्स्थापना भए पनि म भने डेढ महिनापछि मात्र औपचारिक रूपमा सार्वजनिक भएको थिएँ। राजाले आन्दोलनकारी शक्तिसित सम्झौता गरेपछि पनि म केही दिनसम्म आफ्नो परिचयका साथ सार्वजनिक हुन सकिनँ। लामो समयसम्मको भूमिगत जीवनका कारण म एक किसिमले असामाजिक जस्तो बनिसकेको थिएँ र सार्वजनिक परिचयका साथ देखा पर्न मलाई असहज भइरहेको थियो। असहजता, सङ्कोच र कताकता त्रासले समेत काम गरिरहेको थियो। लामो भूमिगत जीवनबाट म पहिलोपटक २०४७ जेठ १० गते काठमाडौँको टुँडिखेलमा तत्कालीन नेकपा (माले) ले आयोजना गरेको पहिलो बृहद् खुला जनसभाको सञ्चालक बनेर देखापरेको थिएँ। त्यसबेला म काठमाडौँ उपत्यकाको पार्टी कामको प्रमुख थिएँ।

खुलामञ्चमा सार्वजनिक भएर बोलिरहँदा आफूले २०३२ वैशाखदेखि २०४७ सालको अवधि र त्यसबीचमा गुजारेका अत्यन्त प्रतिकूल, मृत्युसित पौंठेजोरी खेल्नुपरेका, आङै सिरिङ्ग हुने थुप्रै घटना र दृश्यहरू मेरो दिमागमा सलबलाइरहेका थिए।

मैले भूमिगत कालको अधिकांश अवधि मध्य–तराईका धनुषा, महोत्तरी, सर्लाही, सिराहा, सप्तरीका भूमिहीन–गरिब किसान बस्तीमा बिताएँ। मैले भित्री मधेसका उदयपुर,

सिन्धुली अनि रामेछाप, खोटाङ, ओखलढुङ्गा र सोलु आदि पहाडी जिल्लाहरूमा पनि वर्षौं बिताएको छु। त्यसपछि, केही वर्ष तत्कालीन बागमती अञ्चलका विभिन्न जिल्लाका गाउँ बस्तीहरूमा पार्टी काममा समन्वय र नेतृत्व गरेको छु। त्यसबेला काठमाडौँ उपत्यकाका तीन जिल्लाहरू– काठमाडौँ, ललितपुर र भक्तपुरबाहेकको बागमती अञ्चलको भागलाई 'मध्य–उत्तर क्षेत्र' भनिन्थ्यो। यही अवधिमा गिरफ्तारी, जेल र चरम यातनाका क्षणहरू भोग्नुपरेको थियो। पछिल्लो समय 'पश्चिम–दक्षिण क्षेत्र' भनिने तात्कालिक लुम्बिनी अञ्चलको पार्टी प्रमुख (सचिव) को हैसियतले सबै जिल्लाहरूमा संयोजन र नेतृत्व गरेको थिएँ। मैले त्यहाँ अत्यन्त चुनौती र सङ्कटमा पनि समय बिताएको छु। लुम्बिनीमा पार्टी काम गर्दा मैले धेरै कुरामा पृथक अनुभव गरेको थिएँ, आन्दोलनको बेग्लै पृष्ठभूमि र अवस्थालाई बुझ्ने अवसर प्राप्त गरेको थिएँ। लुम्बिनीमा पार्टी काम गर्दाका आफ्ना चार वर्षका अनुभवहरूलाई मैले अझैसम्म बिर्सन सकेको छैन।

ऐतिहासिक जनआन्दोलनको ठीक अगाडि, मदन भण्डारी तत्कालीन नेकपा (माले)को महासचिव बनेपछि, मलाई काठमाडौँ उपत्यकामा पार्टी शक्तिलाई परिचालित गर्ने काममा प्रमुख जिम्मेवारी दिइएको थियो। त्यसबेला यहाँका अगुवा नेता–कार्यकर्ताहरूलाई परिचालित गर्ने र आन्दोलनलाई अगाडि बढाउने काममा मेरो समय बितेको छ। त्यसबेला आन्दोलनलाई निर्णायक बिन्दुमा पुऱ्याउन महासचिव मदन भण्डारीको नेतृत्वमा गठित नेकपा (माले)को 'केन्द्रीय कमान्ड'सित काठमाडौँ उपत्यकाको पार्टी प्रमुखका नाताले समन्वय गर्नुपर्ने महत्त्वपूर्ण र संवेदनशील कामको जिम्मा मेरो काँधमा थियो।

यस अवधिमा, खासगरी श्रमजीवी जनतासित एकाकार हुने क्रममा प्राप्त अनुभवहरू अत्यन्त रोचक, जोखिमपूर्ण र रोमाञ्चकारी त थिए नै, मेरो जीवनका लागि अत्यन्त मूल्यवान् पनि थिए। जनताले जे दिन्छन्, त्यही खाने, जहाँ र जसरी बस्नु भन्छन्, त्यहीँ बस्ने, जे दिन्छन्– त्यही लगाउने कुरामा अभ्यस्त हुँदै त्यसलाई जीवनचर्याका रूपमा लिन थालिएको थियो। जनतासित नम्र भएर बोल्नु, उनीहरूलाइ हप्कीदप्की र अपमानजनक व्यवहार कहिल्यै नगर्नु, जनतासित सियो धागो पनि नलिनु, पैंचो लिएका कुराहरू फिर्ता गरिहाल्नु, महिलाहरूसित छाडा व्यवहार नगर्नु, बालीनाली नबिगार्नु भन्ने अध्यक्ष माओका 'तीन–आठ नियम' ले मलाई आन्तरिक रूपले परिवर्तन हुन र जनतासित एकाकार हुन सघाएका थिए। त्यसबेला मजस्ता सयौँ र हजारौँलाई यी कुराले अभिप्रेरित गरिरहेका थिए। परिवर्तनको अभियानमा लागिरहन, प्रतिकूलताहरूसित जुधेर भए पनि श्रमजीवी जनताको पक्षमा सधैँभरि दृढतापूर्वक

उभिइरहन तथा यसलाई नै जीवनको आदर्श बनाइरहन सङ्कल्पबद्ध बनाएका थिए। मेरो वर्षौंवर्षको कष्टकर भूमिगत कालको त्यो राजनीतिक यात्रालाई कहिल्यै बिर्सन सक्तिनँ। यो अवधि मेरा लागि अत्यन्त सार्थक र सुन्दरतम् अवधि रह्यो। यो मेरो सिङ्गो राजनीतिक जीवनलाई गुणात्मक रूपले नै परिवर्तन गर्ने महत्त्वपूर्ण अवधि पनि हो। वास्तवमा त्यस अवधिमा मैले जीवनलाई राम्ररी बुझेँ, जीवनलाई सही तरिकाले पढेँ। कम्युनिस्ट पार्टीको पूर्णकालीन भूमिगत कार्यकर्ता बनिरहँदा मैले कलेज र विश्वविद्यालयको औपचारिक पढाइलाई निरन्तरता दिन त सकिनँ। तर जनतारूपी बृहद् विश्वविद्यालयभित्रको पढाइलाई अघि बढाउने सुन्दर अवसर भने मैले प्राप्त गरेको थिएँ भन्ने मलाई लाग्छ।

**आफन्त र आमाको सम्झना**

जनकपुरमा रहेका ठूलो दाइ गोविन्दकहाँ बसेर मैले आफ्नो प्रारम्भिक पढाइ सुरु गरेको हुँ। दाइ सरकारी अनुदानमा सञ्चालित संस्कृत पाठशाला ज्ञानकूपमा दुःख गरेर उत्तर मध्यमा र शास्त्रीसम्म अध्ययन गरी निम्न तहको सरकारी नोकरी गरिरहनु भएको थियो। तिनै दाइकोमा आमाले पुऱ्याइदिनु भएपछिको मेरो दैनिकी र जीवनस्थितिमा परिवर्तन हुँदै गयो। म काठको पाटी, ओछ्याउने बोरा र एउटा–दुइटा किताब–कापी बोकेर भारतीय शिक्षकले हिन्दी भाषामा पढाउने ‘धूले स्कुल’मा पढ्न जाने फुच्चे विद्यार्थी बनेको थिएँ। ममा त्यसबेला निकै उत्सुकता, अलिअलि डर र मन त्यसैत्यसै तरङ्गित हुन थालेको थियो। हिन्दी भाषाका पुस्तकहरू, भारतीय राष्ट्रिय गान र सम्पूर्ण पाठ नै हिन्दी भाषामा पढाउँथे ती हिन्दीभाषी शिक्षक। यस्तै विषय प्रसङ्गका कारण जनकपुर भारतकै अङ्ग हो कि जस्तो लाग्थ्यो। मैले त्यहाँ डेढ–दुई वर्ष गुजारेँ। त्यसपछि स्तरीय र नाम चलेका सरकारी स्कुलहरूमा पढ्दै राम्ररी एसएलसी पास गर्ने जेहेन्दार विद्यार्थी बनेको थिएँ। अनेक प्रतिकूलता र अप्ठेराहरू झेल्दै मैले स्कुल तहको पढाइ पूरा गरेँ। जनकपुरकै स्थानीय कलेजमा समेत पढेको थिएँ। त्यति नै बेला कताकताबाट कम्युनिस्ट राजनीतिबाट प्रभावित हुँदै, त्यसको प्रभावमा सञ्चालित आन्दोलनमा गाँसिदै गएँ। दिन बित्दै जाने क्रममा म कम्युनिस्ट राजनीतिमा संलग्न हुँदै र त्यसैबाट निर्देशित हुँदै विभिन्न गतिविधिहरूमा सहभागी हुन थालेँ। यही प्रक्रिया अघि बढ्दै जाँदा कम्युनिस्ट पार्टीको भूमिगत राजनीतिक कार्यकर्ता बनेको थिएँ।

कम्युनिस्ट पार्टीको पूर्णकालिक भूमिगत कार्यकर्ता बनिरहँदा मैले मनलाई अत्यन्त निर्मम बनाएको थिएँ। आफ्ना प्रमाणपत्रहरू, नागरिकता र साथीहरूसित खिचेका सुन्दर आकर्षक फोटाहरू, मन परेका केटी साथीहरूसितका मनमोहक तस्बिरहरू च्यात्न

त्यसबेला निकै सकस परेको थियो । यी सबै निजी स्वार्थ र चाहनालाई बढावा दिने स्रोत हुन् भन्ने बुझाइ थियो मेरो । निजी स्वार्थलाई प्रेरित गर्ने कुनै पनि कुराप्रति मोह राख्नुहुन्न भन्ने बुझाइ थियो । क्रान्तिमा लाग्दा घर–परिवार, नजिकका प्रियजनहरूलाई समेत माया मार्न वा बिर्सन लागिसकेको थिएँ !

यसरी, सबै कुरा त्यागेर कम्युनिस्ट पार्टीको पूर्णकालिक भूमिगत कार्यकर्ता बनेको थिएँ ।

भूमिगत भएको सुरुवाती दिनहरूमा निजी, पारिवारिक र व्यक्तिगत सम्बन्ध सम्पर्कहरू विस्मृतिका गर्भमा कता हराए–हराएजस्तो भएका थिए । जीवित थिएँ, तर मभित्रका भावना सबैलाई मृत बनाउने अस्वाभाविक प्रयत्न गरिरहेको थिएँ ! घर–परिवारका कसैसित पनि कुनै सम्पर्क थिएन । मर्‍यो बाँच्यो‌को कुनै सुइँको सूचना थिएन, दिइएन । सँगैका अत्यन्त आत्मीय सहपाठीहरूसित समेत सबै सम्बन्ध विच्छेद भएसरह थियो । भाषा, संस्कृति, भेषभूषा केही नमिल्ने तराई–मधेसका ग्रामीण भेगका गरिब भूमिहीन किसानहरूको अत्यन्त विपन्न, जनबनी गरेर बाँचिरहेको जीवनसित आफ्नो जीवन र आयु अघि बढाएको कुराको सम्झनाले आज पनि अत्यन्त अनौठो तर गर्वको अनुभूति हुने गर्छ । जनताले जे दिन्छन्, जस्तो दिन्छन्, जतिबेला र जति दिन्छन्– त्यसैमा भर परेर जीवन धान्ने, अमृतसरह मानेर खाने गरेको आज पनि सम्झना हुन्छ । कति अनौठो, कति रोमाञ्चक र कति जोखिमपूर्ण थियो त्यो अवधि !

भूमिगत बनेर हिंडेको झण्डै तीन वर्ष बितेपछि कतिपय निजी प्रसङ्गहरू जबर्जस्त रूपमा दिमागमा सलबलाउन थाले । घर–परिवारको सम्झना आउन थाल्यो । आमाको सम्झनाले त बिछट्टै सताउन थाल्यो । सँगै पढ्दाका मन मिल्ने साथीभाइहरू, पढाइका बेलाका अनेक प्रसङ्गहरू पनि बेलाबेलामा सम्झनामा आउन थाले । आमाले घरमा उठाउनुपरेका दुःखहरू सम्झेर म द्रवीभूत हुन थालेँ ।

यस्तै अवस्थामा एकदिन झापामा अर्का दाइकोमा बस्दै आउनुभएकी आमालाई केही सहज हुने जनकपुरको सेल्टरमा बोलाएर भेट्ने योजना बनाएँ र भाउजूका कान्छा भाइ रामनारायणलाई लिन पठाएँ । मेरी भाउजूको माइती घर एउटा मन्दिरको आश्रममा थियो । भूमिगत अवस्थामा पनि त्यहाँ सहज ढङ्गले आउजाउ गर्न सकिन्थ्यो । पुगेपछि बस्न खान पाइन्थ्यो । कसैले त्यति चियोचर्चो गर्दैनथे । त्यहाँ पुगेपछि धेरै दिनपछिको असहजता र उकुसमुकुस बिसाउन सकिन्थ्यो । मेरा लागि तुलनात्मक रूपमा त्यो अनुकूल ठाउँ थियो । भाउजूका भाइले भोलिपल्टै आमालाई त्यही ठाउँमा लिएर आए ।

आमा असिनपसिन भएर आइपुग्नु भएको थियो। मैले आफू लुकेर बसेको कोठाको झ्यालबाट चार वर्षपछि आमालाई देखेँ। आमा आइरहँदा विश्वास र भरोसाको उज्यालो आइरहेजस्तो लाग्यो। आमा म बसिरहेको अँध्यारो अँध्यारो कोठामा पुग्नुभो, म बसेको आकृतितिर नियालेर हेर्नुभो। सायद उहाँ मलाई ठम्याउन खोज्दै हुनुहुन्थ्यो। लगाइरहेको सारीको सप्को मुखमा ल्याएर आँखा र मुखलाई छोप्न खोज्नुभयो। आमा भित्र पसेपछि बसेको ठाउँबाट उठेर उहाँका खुट्टा ढोगेँ। 'मेरो बाबू ! तँ बाँचेकै छस् ? कतिले त तँलाई मरिसक्यो भनेका थिए। कतिले लुकीलुकी हिँडेको देखेँ भनेका थिए। मलाई चाहिँ आफू बाँच्दै तँलाई देख्न पाउँछु कि पाउँदिनँ भन्ने लागेको थियो !' यति भनेर आमाले झ्यालबाट छिरेको उज्यालोमा मेरो अनुहारलाई नियालेर हेर्नु भयो। सारै दुब्लाएको, आँखा धसेको देखेर रुन खोज्दै 'यतिका दिनसम्म कहाँ बसिस्, के खाइस्' भनेर सोध्नुभयो। 'घरमा बसेर तँ आफ्नो काम गर्न किन सक्तैनस् ? राम्रो काम हो भने किन लुकेर गर्छस् ? सबैलाई भनेर, देखाएर किन गर्न सक्तैनस् ? लुकेर त चोरहरूले पो काम गर्छन्। मलाई सारै अचम्म र अलमलमा पारिस् बाबु !' यस्तै यस्तै कुरा सोध्नुभयो आमाले। यी कुरा भनिरहँदा उहाँ धेरैपटक रुनुभएको थियो। मैले पनि खुलेरै आफ्ना कुरा सुनाएको थिएँ। के उद्देश्य राखेको, कसरी काम गरिन्छ, कहाँ बसिन्छ, किन लुकेर काम गर्नुपरेको आदि विषयमा बताएको थिएँ। मैले बोलिरहँदा उहाँले एकटकले मेरो अनुहार हेरिरहनुभयो। आमा मैले भन्दै गरेका कुरालाई सायद बुझ्न खोज्दै हुनुहुन्थ्यो।

एकदिन मसँगै बसेर आमा झापा फर्कने हुनुभो। मलाई लागेको थियो, आमा दुःख र पीडाको पोखरी बनेर बाँचिरहनु भएको छ। 'तैँले मलाई छोडेर हिँडिहालिस्, अब मेरो एउटै कुरा छ, म बाँचुन्जेल तँलाई केही नहोस्, केही भएको सुन्नुपर्‍यो भने म रोएरै मर्नेछु।' गहभरि आँशु पार्दै पटुकीमा पोको पारेर ल्याएको कुनै मन्दिरको फूल–टीका लगाइदिनुभयो र भन्नुभयो– 'रोगब्याध तैँले केटाकेटी उमेरमा नै काटिसकिस्, अब तँलाई केही नहोस् !'

आमाले वात्सल्यता छचल्काउँदै मप्रति सुस्वास्थ्य र शुभेच्छा व्यक्त गर्नु भएको थियो।

आमा त्यति सहज ढङ्गले बिदा हुन तयार हुनुहोला भन्ने लागेकै थिएन, मलाई। 'आफूले रोजेको बाटो तँ आफैँले हिँड्नुपर्छ भन्ने कुरा बुझेकै होलास्। आमा ज्यूँदै छ, खबर गर्दै गर्नू !' यति भनेर आमा मसित बिदा हुनुभएको थियो।

आमाको गम्भीर अनुहारमा मप्रतिको गाढा माया छचल्किएको त देख्न सकिन्थ्यो, तर आफ्ना आँखाबाट आँशु बगाएर मप्रतिको मायालाई भने देखाइरहनु भएको थिएन

! बिदा हुने बेलामा आमा रुनुहोला भन्ने लागेको थियो। तर आमामा त्यस्तो केही देखिनँ। मलाई अनौठो पनि लागेको थियो। सायद त्यसबीचका भोगाइहरूबाट आमा जस्तासुकै पीडाहरूलाई पनि सहन गर्न सक्ने हुनुभएको थियो। उहाँभित्र दृढता त झन् चुलिँदै गएजस्तो लाग्यो।

म कोठाभित्र उज्यालो छिरिरहेको झ्यालबाट उहाँलाई चियाएँ। आमालाई पर परसम्म हेरिरहँदा मेरा आँखाबाट आँशु झरेको समेत पत्तै पाउन सकिनँ। आमा आफ्नो गन्तव्यका लागि हिँडिसक्नु भएको थियो, म भने गन्तव्यको खोजीमा अँध्यारो कोठामा आँशु बगाइरहेको थिएँ !

**आश्रयस्थल नपाउँदा**

पूर्णकालिक भूमिगत रूपमा पार्टी काम गर्न सुरु गर्दा एउटा विशेष कार्यशैली अवलम्बन गर्नैपर्ने पार्टीको निर्देशन थियो। ग्रामीण क्षेत्रका भूमिहीन गरिब किसानकोमा पूर्ण रूपमा भर पर्नुपर्थ्यो। राजाको निर्दलीय र निरङ्कुश शासनसत्ता भएका बेला पूर्ण रूपमा जनतामा, गरिब जनताका बीचमा, उनीहरूकै पूर्ण भरोसामा रहनु, टिक्नु र बाँच्नु सहज थिएन। पार्टीको भूमिगत कार्यकर्ता भएर हिंडेपछि सोचेको थिएँ– अब कि क्रान्ति सफल भएपछि बाहिर निस्केर खुला काम गर्ने हो, यदि त्यस्तो हुन सकेन भने क्रान्तिकारी गतिविधिमा लाग्दै जीवन कुर्बान गर्ने हो, देशका लागि सहिद बन्ने हो ! यस अभियानमा यसरी लागेपछि जस्तासुकै सङ्कट आइलागून्, आफ्नै देशभित्र रहेर जनताको सहयोग लिएर बाँच्ने हो, कुनै पनि हालतमा पलायन नहुने र सुरक्षित आश्रयको खोजीमा विदेशी भूमिमा नजाने हो !

यस्तो मानसिकता बोकेर भूमिगत कार्यकर्ता बनेको मैले त्यो १५ वर्षको दौरानमा धेरैपटक जनताका घरमा आश्रय नपाएर अत्यन्त कठिनाइ झेलेको छु। कस्तो अप्ठ्यारो– कहीँकतै बस्ने ठाउँ छैन, सुरक्षित हुने ठाउँ छैन ! अझ शरीरमा लगाइएको लुगाभन्दा बाहेक फेरफार गर्ने केही छैन ! यस्तो अवस्थामा धेरैपटक दिनभरि अर्थात् उज्यालो हुन्जेल बाहिर जङ्गलमा लुकेर बस्ने र रात परेपछि गाउँबस्तीमा किसानहरूका घरगोठमा आश्रय लिने गरियो। निरङ्कुशताले सिर्जना गरेको त्रासका कारण कतिपय किसानहरू डराइडराइ घरगोठमा रात काट्न दिन्थे भने कतिपयले थाहा नपाएजस्तो गर्थे। त्यसरी आश्रय लिन पुगेका बेला कुनै ठाउँका किसानहरू कसैले नदेख्ने गरी लुकाएर आफ्ना थाल–बटुकामा आफूले खान तयार पारेको खाना ल्याइदिन्थे। त्यस्तो खाना पाउँदा त्यस बेलासम्म सुषुप्त रहेको भोक ज्वालामुखी भएर बिस्फोट भएजस्तो लाग्थ्यो। त्यसरी खाना ल्याइदिने किसानका आँखामा कृतज्ञताले हेर्दा धेरैपटक आफ्नै आँखाहरू

रसाउँथे। श्रद्धा र सम्मानले शिर झुक्थ्यो। भूमिगत कालका अत्यन्त प्रतिकूल दिनहरूमा मैले यस्तै यस्तै धेरै अवस्थाहरू भोगेको छु, सहेको छु। तराई–मधेसका गाउँहरूमा मात्र होइन, पहाडी क्षेत्रका केही ठाउँहरूमा समेत यस्तो भोग्नुपरेको थियो। एकपटक, २०३८–३९ सालतिर खोटाङ जिल्लाका अधिकांश ठाउँहरूमा पुलिस प्रशासनले चरम दमन चलाएका बेला गाउँघरमा आश्रय नपाइने परिस्थिति सिर्जना भयो। अधिकांश स्थानीय कार्यकर्ताहरू या त गिरफ्तार भएका थिए या वारेन्टेड भएर यताउता लागेका थिए। यसो गर्न नसक्नेहरू आतङ्कको सिकार भएर रहन बाध्य बनेका थिए। त्यसबेला खोटाङमा कार्यरत उदय बस्नेत र मैले केही रात ठूलठूला रुखका काप परेका हाँगाहरूमा सुतेर बिताएका थियौँ। जङ्गलका निगुराका मुन्टा र झारपात खाएर बिताएका थियौँ। त्यस्तो खानाका कारण हाम्रो दिसा गाईगोरुले गोब्र्याएको गोबरजस्तै हुन थालेपछि दुवै जना रमाइलो मान्दै हाँसेका थियौँ।

चरम दमन र आतङ्कमा बाहेक अरु बेला ग्रामीण क्षेत्रका श्रमजीवी जनताले हामीहरूलाई आश्रय दिइनै रहे, हामीलाई सुरक्षा दिइनै रहे। एकाध अपवादका घटना रहे होलान्– तिनलाई छोडेर श्रमजीवी जनताको माया र ममतामा बितायौँ, आफूलाई सुरक्षित बनाउँदै अगाडि बढिरह्यौँ। आज हामीहरू जुन ठाउँमा आइपुगेका छौँ, त्यसको पृष्ठभूमि र निर्णायक आधार पार्टीको नेतृत्वमा श्रमजीवी जनतामा आधारित त्यस्तै समर्पणभावसहितको क्रियाशीलता नै हो। आज पार्टी र आन्दोलन निर्माणका लागि अघि बढिरहँदा विगतका ती गर्विला कामहरूलाई सम्झना गरिरहनुपर्छ।

**जनताको असीम माया**

पार्टीको भूमिगत कार्यकर्ता भएर ग्रामीण क्षेत्रका श्रमजीवी जनतासित एकाकार हुन सुरु गरेपछि मैले श्रमजीवी जनतासित साँचो परिचित हुने अवसर प्राप्त गरेँ। संसार बनाउने श्रमजीवी जनता हुन् भन्ने भनाइको मर्मलाई बुझ्न सकेँ। केही पढेलेखेका, बुद्धिजीवी हौँ भन्नेहरू, खासगरी सहर बजारमा बसोबास गर्नेहरूले गाउँमा अभाव र अनेकौँ प्रतिकूलतासित जुधेर बाँचिरहेका श्रमजीवीहरूलाई केही नबुझ्ने, बुझ्न नसक्ने, गँवार, असभ्य ठान्छन्। म पनि सुरुवाती समयमा यस्तै यस्तै सोचाइ राख्थेँ। भूमिगत हिँड्नुभन्दा पहिला क्रान्तिकारी विचारहरूबाट प्रभावित हुँदै गएका बेला श्रमजीवी जनतालाई माया गरे पनि भित्री मनबाटै श्रद्धा र सम्मान गर्ने स्थिति विकास भैसकेको थिएन। तर जब पूर्णकालीन भूमिगत कार्यकर्ता भएर गाउँका श्रमजीवीहरूका बीचमा पुगेँ, उनीहरूकै सहारामा बस्न र बाँच्न सिकेँ, त्यसपछि मात्र मेरो आधारभूत दृष्टिकोणमा परिवर्तन हुँदै गएको थियो। मध्य तराईका ग्रामीण बस्ती र पहाडका जिल्लामा पनि मेरा

गतिविधि र दिनचर्या जतिजति व्यतित हुँदै गए, त्यति नै मेरो दृष्टिकोण पनि स्पष्ट बन्दै गयो । प्रारम्भमा धनुषाका ग्रामीण बस्तीका विपन्न र श्रमजीवी जनताको पङ्क्तिभित्रका वृद्ध बाआमाहरूले देखाएको माया र स्नेह, दिउँसो धनीमानीका खेतबारीमा जनबनी गर्न गएर आउँदा आफ्ना लुगा र ओड्नेहरूमा लुकाएर, बेरबार पारेर घरमा आश्रय लिएर बसेको मलाई खाना ल्याइदिने दिदी–बहिनी तथा किसान दाजुभाइहरूसित लामो समयसम्मको स्नेहपूर्ण सम्बन्धले मलाई त्यो चेतना दिएको थियो । स्थानीय वर्गसङ्घर्ष उत्कर्षमा पुगेका बेला चारैतिरबाट हातहतियारसहितका शत्रुहरूले हमला गर्न आएका बेला मेरो सुरक्षाका लागि ढाल बनेर उभिएका धनुषा मुडिवाकी शिवर्थी पासवान दिदीको अगुवाइमा उभिएका आमाहरूको सान्निध्यताले मलाई ती कुरा सिकाएका थिए । कैयौँ दिनसम्म पेटभरि खान नपाएर, हिँड्न नसकी खेतका गरामा अर्धचेत भई लडेका बेला सतर्कताका साथ उठाएर आफ्नो झुप्रोमा ल्याई धेरै दिन खोले खुवाएर बचाउने धनुषा धबौली गरटोलीका अच्छेलाल खत्वेसहितका भूमिहीन किसानका निःस्वार्थ प्रेमभावले ती कुरा सिकाएका थिए । आफ्ना जहान केटाकेटीहरूलाई पाल्न मजदूरी गर्ने किसान परिवारले महिनौँ दिनदेखि घरमा आश्रय लिएर बसेको मलाई पनि प्रेमपूर्वक खुवाउने किसान परिवारबाट मैले धेरै कुरा सिकेको छु । पार्टीका जोखिमपूर्ण कामहरूमा निःस्वार्थ तरिकाले सरिक हुने किसान साथीहरूका व्यवहारले मलाई उत्प्रेरित गरेका छन् । पार्टी र पार्टी नेतृत्वलाई सुरक्षा दिन आफ्नो ज्यान जोखिममा पार्न समेत पछि नपर्ने लडाकु किसान साथीहरूका व्यवहारले मलाई धेरै कुरा सिकाएका छन् ।

सामान्य र स्वाभाविक जीवनका आँखाले हेर्ने हो भने ती अनुभवहरू अत्यन्त अस्वाभाविक लाग्नेछन् । १५ वर्षको अवधिमा धेरैपटक म मृत्युको मुखमा परेर बाँचेको छु । सरकारी सुराकी र सुरक्षाकर्मीबाट मात्र होइन, ग्रामीण क्षेत्रमा रहेका जमिन्दार, फटाहा तथा दलालहरूका डरलाग्दा हमलाबाट समेत म कसोकसो बाँच्न सफल बनेको छु । कतिपटक त खान नपाएर हप्तौँसम्म भोकभोकै पनि बिताउनुपरेको थियो । खान नपाएर मर्न लागेका बेलाका ती धेरै क्षणहरू अहिले पनि मस्तिष्कमा ताजै छन् । त्यस्तो अवस्थाबाट म कसरी बाँचे, सम्झँदा पनि कस्तो कस्तो लागेर आउँछ । उद्देश्यप्रति दृढता र उच्च समर्पणभाव तथा क्रान्ति र परिवर्तनप्रतिको विश्वास, अनि जनताको मायाले नै ती जोखिमपूर्ण समयको सामना गर्न सम्भव भएको थियो भन्ने लाग्छ ।

मैले पूर्णकालिक भूमिगत जीवनका झण्डै नौ वर्ष धनुषा लगायत मध्य तराई–मधेसका जिल्लाहरूमा बिताएँ । त्यही धनुषाको ठेरा कचूरीका चमार जातिका भूमिहीन गरिब किसानहरूका गाउँ टोलमा भूमिगत रूपमा बस्नुपर्दा, भोक तथा भोकको पीडालाई भित्रैबाट महसूस गरेँ । गहुँको एउटा सानो रोटीको भरमा २४ घण्टा बिताउनु

पर्ने, जनबनी गर्न गएका श्रमिक महिलाहरूले आफ्ना कपडामा पोको पारेर लुकाएर ल्याएका दुई–चार मुÝी खाजाको भरमा कैयौँ दिन गुजार्नुपरेको पीडालाई अहिले पनि बिर्सन सकेको छैन। धनुषाको भूचक्रपुरका एक जना चमार जातिका किसानका घरमा धेरै दिनको भोक सहँदै पुगेका बेला त्यहाँकी बुढीआमैले कहिलेदेखि राखेको मासु र खोले बनाएर खान दिएको, तर त्यो मासु कुहेका कारण किरैकिरा परेको, खाना खाइसकेपछि मात्र त्यसमा आफ्नो नजर परेको, खाना खाइसकेपछि खाएको हात सुँघ्दा समेत वान्ता हुने हिसाबले हस्को आएको र त्यसैले गर्दा दिनभरि खपिनसक्नु गरी बान्ता भएको र इन्तु न चिन्तु हुँदै कसोकसो बाँचेको प्रसङ्ग विर्सन नसक्ने गरी सधैँ सम्झना आइरहन्छ। धनुषाको धवौली गरटोलीका अच्छेलाल दासले केही दिनदेखि खान नपाएर बिहानै खेतको आलीमा मूर्च्छित परेको बेला हात समाउँदै डोऱ्याएर टोल छेउको आफ्नो झुप्रोमा ल्याएको र खोले पकाएर खान दिएर बचाएको, त्यसपछि मेरा आँखाबाट बगेका आँशुलाई पुछिदिँदै उनी पनि रोएको दृश्य म कहिल्यै पनि बिर्सन सक्तिनँ। शाकाहारी भएर तुलसीको कण्ठी लगाएका, सन्तान नभएका, धर्म र सेवाभाव राख्ने अच्छेलाललाई मेरो जीवन बचाउने पितातुल्य सम्झन्छु। कतिपय आश्रयहरूमा केही पनि खाने कुरा नभएपछि त्यस घरका भाइ छोराहरूसित नजिकैका खोला खोल्सीहरूमा दिनभरि दिनभरि घोँगी र माछा खोज्न कैयौँ दिनहरू बिताएको र बेलुका त्यसैबाट छाक टारेको कुरा पनि सम्झिरहन्छु। केही दिनको भोको अवस्थापछि गरिब किसानहरूको बस्तीमा रहेको एउटा सेल्टरमा पुग्दा छिमेकीकहाँ भएको भोजबाट जम्मा गरी ल्याएको एक थाल खाना खाएपछि खुम्चिएका पेटका नसाहरू नै फुट्लान् जस्तो भएको र भदौको हिलाम्मे खेतको आलीमा अर्धबेहोस भई रात बिताएको कुरा सम्झँदा अहिले रमाइलोजस्तो लागे पनि त्यसबेला जीवनमरणको विषय बनेको थियो। धनुषाको इकराही मुडिवाका एक जना भूमिहीनको आश्रयमा कैयौँ दिन दुई–चारवटा सखरखण्डको भरमा रहेर बाहिर निस्केको बेला बाटैमा मूर्च्छित भई लडेको र बाटो हिँड्दै गरेका समर्थकले पानी खुवाएर बचाएको कुरा मेरो दिमागमा त्यत्तिकै ताजा बनेर रहेको छ। असार, साउन, भदौजस्ता अत्यन्त गर्मी महिनामा झ्यालढोका थुनिएका झुप्राहरूमा दिनभरि थुनिएर बस्नुपर्दाको खपिनसक्नु गर्मीबाट बच्न दिनभरि लिसाइलो माटो पानीमा घोलेर शरीरभरि दलेर बस्ने र मध्यरात भएपछि बाहिर निस्केर पोखरीको पानीमा पखाल्दा मिल्ने शीतलतालाई कहिल्यै बिर्सन सक्तिनँ। गर्मी महिनाहरूमा मधेसका झुप्रा बस्तीहरूमा बस्नुपर्दा हामीहरू प्रायः यसै गर्थ्यौं।

कसरी बिताइयो होला ती दिनहरू !

## केन्द्रीय स्तरका कार्यक्रमहरूको व्यवस्थापन

२०३२ असारमा धनुषा जिल्ला कमिटीको उपसचिव बनेपछि मैले कम्युनिस्ट पार्टीको महत्त्वपूर्ण साङ्गठनिक जिम्मेवारी पूरा गर्न सुरु गरेको हुँ। २०३२ सालको अन्तिमतिर नेतृत्वदायी तहमा रहेका महासचिव सीपी मैनालीलगायत केही साथीहरू गिरफ्तार भएपछि को–अर्डिनेसन केन्द्रको नेतृत्वमा ठूलो रिक्तता पैदा हुन पुगेको थियो। यसलाई समाधान गर्न को–अर्डिनेसन केन्द्रको पुनर्गठन गर्नुपर्ने आवश्यकता पऱ्यो र २०३३ साउनतिर त्यो काम गरियो। यही पुनर्गठनमा झलनाथ खनाल (कमरेड नरेश) का.वा. सचिव र म को–अर्डिनेसन केन्द्रको सदस्य अर्थात् केन्द्रीय सदस्य बनेको थिएँ। केन्द्रीय सदस्यका रूपमा धनुषा जिल्लामा केन्द्रित रही मध्य तराईका जिल्लाहरूमा मुख्य सङ्गठकको रूपमा रहेँ। यसरी जिम्मेवारी लिइरहँदा मैले त्यसबीचमा केन्द्रीय तहका अनेकौँ महत्त्वपूर्ण कार्यक्रमहरूको आयोजक र व्यवस्थापकको भूमिका पूरा गर्नुपरेको थियो। त्यसबेला ग्रामीण क्षेत्रका श्रमजीवी जनताका बीचमा राम्रो जनाधार भएको र जनतामा आधारित सुरक्षा प्रबन्ध राम्रो मानिएका कारण केन्द्रीय महत्त्वका त्यस्ता विशेष कार्यक्रम त्यहाँ आयोजना भएका थिए।

### क. को–अर्डिनेसन केन्द्रको तेस्रो सम्मेलन (४–९ साउन २०३५)

यिनै अनुकूलताका कारणले २०३५ साउन ४–९ मा को–अर्डिनेसन केन्द्रको तेस्रो सम्मेलन धनुषा जिल्लाको ठेरा कचूरी गाउँमा आयोजना गरिएको थियो। त्यसबेला त्यो गाउँ हाम्रो आधार इलाकाका रूपमा विकसित भएको थियो। समाजमा अछूत मानिएका भूमिहीन गरिब किसानहरूको जम्मा १५–२० झुप्रा घरहरू भएको सानो टोलमा त्यो कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा २०३३ चैत ११ गते काठमाडौँको नख्खु जेलबाट सुरुङ खनी बाहिरिएका सीपी मैनाली, प्रदीप नेपाल, गोपाल शाक्य, वीरबहादुर लामा, माधव पौडेल, केही समय पहिला मात्र पुष्पलालले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीबाट विद्रोह गरेर ‘मुक्ति मोर्चा’ समूह गठन गरी को–अर्डिनेसन केन्द्रमा सामेल हुने घोषणा गरेका जीवराज ‘आश्रित’, मदन भण्डारी र मोदनाथ प्रश्रित, भर्खरै राजकाज मुद्दा खेपी महोत्तरीको जलेश्वर जेलबाट रिहा भएका माधवकुमार नेपाल र स्थानीय प्रशासनले व्यापक रूपमा खोजी गरिएका चर्चित कम्युनिस्ट अशेश्वर यादव लगायतका २५ जना साथीहरू हुनुहुन्थ्यो। सम्मेलनमा सहभागी हुन आउनुहुने मदन भण्डारीलाई मोरङको इटहराबाट, जीवराज आश्रित, मोदनाथ प्रश्रित, प्रदीप नेपाल र गोपाल शाक्यहरूलाई बिहारको मुजफ्फरपुरमा रहेका भारतीय कम्युनिस्ट पार्टी (माले) का स्थानीय कार्यकर्ता सकल ठाकुरको घरबाट म आफैँले रिसिभ गरी सुरक्षित तरिकाले कार्यक्रमस्थलमा पुऱ्याएको थिएँ। त्यस सम्मेलनले झापा सङ्घर्षदेखि आफैँभित्र रहँदै

आएका कतिपय उग्रवामपन्थी विचार र व्यवहारलाई सच्याउने महत्त्वपूर्ण काम गरेको थियो। झापा सङ्घर्ष र त्यसले अघि सारेका विचारबाट निर्देशित हुँदै गठन गरिएको को–अर्डिनेसन केन्द्रका प्रारम्भिक दिनका विचारहरूबाट प्रभावित र निर्देशित भएर को.के.मा सामेल हुनुभएका मदन भण्डारी र जीवराज आश्रितलाई यसका विचार र व्यवहारमा आइरहेको सुधार वा परिवर्तनलाई बुझ्न अप्ठ्यारो परेको कुरा त्यहाँ प्रकट भएका वैचारिक बहसबाट बुझ्न सकिन्थ्यो। त्यस सम्मेलनले सीपीलाई महासचिव, उहाँसहित माधव नेपाल र जीवराज आश्रित रहेको तीन सदस्यीय पोलिटब्युरो र ११ जनाको पूर्ण र वैकल्पिक गरी केन्द्रीय कमिटी चयन गरेको थियो। अमृत बोहरा, मदन भण्डारी, मोदनाथ प्रश्रित, प्रदीप नेपाल, मुकुन्द न्यौपाने र मसहित एघार जना साथीहरू केन्द्रीय सदस्य बनेका थियौँ। स्थानीय पार्टी युनिट तथा जनस्तरबाट व्यवस्था गरिएको विशेष सुरक्षा प्रबन्धमा सम्मेलन सफलताका साथ र कुनै पनि जोखिममा नपरी सम्पन्न भएको थियो। म आफैँ कार्यक्रमको मूल व्यवस्थापक भएका कारण पनि कार्यक्रमको सफलतापछि म विशेष खुसी बनेको थिएँ। त्यहाँको मजबुत जनाधार र सुरक्षित सेल्टर प्रबन्धको बलमा हामीले त्यो महत्त्वपूर्ण कार्यक्रम सम्पन्न गरेका थियौँ।

### ख. नेकपा (माले) गठनपछिको पहिलो राष्ट्रिय भेला

२०३५ पुस ११–१४ मा को.के. बाट राष्ट्रिय सम्मेलन आयोजना गरी विधिवत् रूपमा नेकपा (माले) गठन गरिएको थियो। त्यसको एक वर्षपछि सिराहाको बुढियाचाप गाउँमा राष्ट्रिय कार्यकर्ता भेला आयोजना गरियो। सहभागीहरूको सङ्ख्याका हिसाबले, विषयवस्तुका हिसाबले, आयोजना स्थलका हिसाबले (जमिन्दार–दलालका विरुद्ध स्थानीय रूपमा तीव्र सङ्घर्ष चलिरहेको ठाउँ भएकाले) यो कार्यक्रम विशेष र संवेदनशील पनि थियो। आफ्नो कार्यक्षेत्र भएका कारण यस आयोजनालाई मैले आफ्नो विशेष जिम्मेवारीका रूपमा लिएको थिएँ। त्यस्तो संवेदनशील क्षेत्रमा, अझ मधेसी मूलका बासिन्दाहरू बसोबास गर्ने भएका कारण पहाडिया मूलका मानिसहरूलाई आउजाउमा कठिन हुनु स्वाभाविक नै थियो। हामीले त्यस भेलामा निर्दलीयताका विरुद्धमा बहुदलीय पक्षधरहरूलाई उपयोग गर्ने नीति पारित गरेका थियौँ। त्यस भेलामा पारित गरेका निर्णयहरूले हामीलाई सकारात्मक हिसाबले एक कदम अगाडि बढाएको थियो।

### ग. नेकपा (माले) को केन्द्रीय कमिटीको चौथौँ बैठक

यो २०३९ सालको कुरा हो। त्यसबेला नेकपा (माले) राष्ट्रिय राजनीतिमा तेस्रो शक्तिका रूपमा उदाएको थियो। सत्तासीन प्रतिकृयावादीहरू त्यो शक्तिलाई सिध्याउन

लागिपरेका थिए। तर 'माले' पार्टी जबर्जस्त शक्तिका रूपमा स्थापित र विस्तारित भैरहेको थियो। तर कस्तो विडम्बना ! त्यही बेला पार्टीभित्र चरम विवादको अवस्था थियो ! महासचिव सीपी मैनाली एकातिर र अरु केन्द्रीय सदस्यहरू अर्कोतिरको अवस्था बनेको थियो। उहाँसित अरु केन्द्रीय सदस्यहरूको सम्बन्धमा समेत असहजता हुँदै गएको थियो। खासगरी सीपीमा अरु सबैका कुरा सुन्ने, फरक तर्क र विचारहरूलाई पनि महत्त्व दिने कुरामा गम्भीर समस्या देखापर्दै गएको थियो। एकातिर नेपालको कम्युनिस्ट आन्दोलनसित गाँसिएका विभिन्न व्यक्ति तथा समूहहरू 'माले'मा आवद्ध बनिरहेका थिए भने अर्कातिर ती सबैलाई बुद्धिमत्तापूर्ण हिसाबले समेटेर लैजान नेतृत्व गर्नुपर्ने व्यक्ति, त्यसबेलाका महासचिव सीपी मैनाली अक्षम बन्दै गइरहनु भएको थियो। नेतृत्वमा रहेका केही साथीहरू सीपीको विकल्प खोज्नुपर्दा कसलाई खोज्नुपर्ला भनेर कुरा उठाउन र छलफल गर्न थालेका थिए। जेहोस्, पार्टीभित्रको त्यस्तो पृष्ठभूमि र परिवेशमा 'माले'को केन्द्रीय कमिटीको चौधौँ बैठक आयोजना हुँदै थियो, जसको आयोजना र व्यवस्थापनको जिम्मा मेरो काँधमा आइपुगेको थियो।

मेरो कार्यक्षेत्रमा बलियो जनाधार भएका ठाउँहरूमध्ये महोत्तरी जिल्लाको उत्तरमा पर्ने कालापानी क्षेत्र पनि थियो। त्यहाँ शासनसत्तामा रहेर सामन्ती शोषण–उत्पीडनमा अगुवाइ गर्ने केही जमिन्दार र जाली फटाहाहरू पनि थिए र त्यसका विरुद्धमा सङ्घर्षमा जुटेका गरिब–भूमिहीन किसानहरूको सङ्गठित शक्ति पनि थियो। त्यही क्षेत्रमा 'कम्युनिस्ट क्रान्तिकारी सङ्गठन' नामक सङ्गठनको नेतृत्वमा शोषण–उत्पीडन विरोधी क्रान्तिकारी सङ्घर्ष चलिरहेको थियो। त्यही सङ्गठन २०३५ सालको अन्तिमतिर त्यसबेलाको 'माले'मा सामेल भएको थियो। यसरी महोत्तरीको कालापानी क्षेत्रलाई 'माले' पार्टीले थप व्यवस्थित रूपमा अगाडि बढाएको थियो र त्यो दरो 'आधार इलाका' का रूपमा स्थापित थियो। त्यहाँको त्यही सुदृढ अवस्थालाई ख्याल गर्दै केन्द्रीय कमिटीको बैठकका लागि ठाउँ चयन गरिएको थियो।

बैठकको प्रारम्भदेखि नै वातावरण सहज र स्वस्थ्य थिएन। सीपीले पार्टीभित्र विकसित वातावरणलाई असहज ढङ्गले प्रस्तुत गर्न थाल्नुभो। बैठकका अरु सहभागीहरूले केही कुराहरू थप्दै गए। 'केन्द्रमा समेत राम्ररी जानकारी हुन नसकेको पार्टी डेलिगेसनको चीन भ्रमणको अति गोप्य र संवेदनशील विषयलाई जेलभित्र किन जानकारी गराइयो ? यसलाई गम्भीर लापरबाही र अनुशासन उल्लङ्घनको विषय किन नभन्ने ? त्यसै आधारमा त्यसलाई कारबाहीको विषय किन नबनाउने ?' भन्ने जस्ता कुरा उठ्न थाले। वातावरण केही उत्तेजित समेत हुन पुग्यो। सीपी स्वयम्ले भन्नुभयो– यस्तो अवस्थामा नेतृत्वको झ्याउलो म लिन पनि चाहन्नँ।' वातावरण झन्झन् बिग्रिँदै

गयो। पछि सीपीले नै 'ठीक छ, स्थिति यस्तै हो भने मलाई राजीनामा दिन दिनूस्, किन कारबाहीको कुरा उठाउनु हुन्छ, म आफैँ हटिदिन्छु !' भन्नुभयो। उहाँको यस्तो प्रस्तावपछि बैठकका अन्य सहभागीहरूले 'हुन्छ नि त !' भन्दै सीपीलाई एकछिन बाहिर जान भने। उहाँको अनुपस्थितिमा उहाँलाई राजीनामा लेख्न लगाउने समझदारी भयो र त्यस अनुसार नै राजीनामा लेख्न लगाइयो। बैठकको त्यस्तो वातावरणका कारण मलाई भने बैठकको गोपनीयता खुल्ला र शत्रुले थाहा पाउलान् भनेर छटपटी चलिरहेको थियो। बैठकमा सीपीको राजीनामा स्वीकृत गरिएपछि महासचिव कसलाई बनाउने भन्ने प्रश्न उठ्यो। माधव वा जीवराजमध्ये एक जना हुनुपर्ने थियो तर उहाँहरू दुवै जना हुन नचाहने, पन्छिने स्थिति देखापर्‍यो। त्यही बेला माधव नेपालले झलनाथ खनालको नाम महासचिवमा प्रस्ताव गर्नुभयो, जो त्यसबेला पोलिटब्युरो सदस्यसमेत हुनुहुन्नथ्यो ! प्रस्ताव पारित पनि भयो। त्यसरी झलनाथ उदाउँदो क्रान्तिकारी शक्ति नेकपा (माले) को महासचिव बन्ने अवस्था बनेको थियो।

मलाई त्यसबेला लागिरह्यो, किन त्यस्तो गरियो ? तर पछि एक बेला माधव नेपालले भनेको सुनेँ, 'त्यस्तो अपजस आउने बेलामा म महासचिव हुन्थेँ, कुनै पनि अवस्थामा हुन्नथेँ, त्यही भएर झलनाथलाई मैले ठेलिदिएँ !' ती कुरा सुनेपछि एकैपटक वास्तविकता पनि बुझियो र माधव नेपाललाई पनि बुझियो ! बैठकले सीपीलाई भारत प्रवास क्षेत्रको काममा पठायो। त्यही घटनापछि मालेभित्रको 'सिमेन्टेड' गोपनीयता भताभुङ्ग हुन थाल्यो र गुटबन्दी पनि नराम्ररी देखा पर्‍यो। सीपीलाई पार्टीबाट 'निर्वासित' गरियो भन्ने हल्लासमेत चल्यो।

अहिले पनि लाग्छ– त्यस्तो संवेदनशील बैठकको आयोजना र व्यवस्थापन जनताको सङ्गठित शक्तिका बलमा 'सेल्टर'हरूको राम्रो प्रबन्धका कारणले सम्भव भएको थियो।

### घ. नेकपा (माले) द्वारा आयोजित नेकपाको चौथो महाधिवेशन

२०३५ पुस ११–१४ मा नेकपा (माले) स्थापना गरिएको झण्डै ११ वर्ष पुगिसकेको थियो। पार्टी जीवनमा र मुलुकको परिस्थितिमा धेरै परिवर्तन भैसकेको अवस्थामा महाधिवेशन गर्नु आवश्यक थियो। विभिन्न सानाठूला कम्युनिस्ट समूहहरू 'माले'मा सामेल भएर यो पार्टी एक किसिमले एकीकृत धार बनिसकेको थियो। मुलुकमा निर्दलीय शासन व्यवस्थाका विरुद्धमा संयुक्त जनआन्दोलनको आवश्यकता टड्कारो बनिरहेको थियो। भूमिगत अवस्थामा काम गरिरहेका विभिन्न राजनीतिक दलहरू यो आवश्यकता पूरा गर्न क्रियाशील बनिरहेका थिए, एकआपसमा संवाद तथा छलफलमा

सक्रिय हुन थालेका थिए। मुलुक परिवर्तनको ऐतिहासिक सँघारमा पुगिसकेको यसै पृष्ठभूमिमा नेकपा (माले)ले महाधिवेशन आयोजना गर्दै थियो।

नेकपा (माले) ले आफूले आयोजना गरेको यस महाधिवेशनलाई 'नेकपाको चौथो महाधिवेशन' भनेको थियो। २०१९ सालमा आयोजना गरिएको नेकपाको तेस्रो महाधिवेशन एकीकृत अवस्थामै आयोजना गरिएको र त्यही एकीकृत नेकपाकै निरन्तरताका रूपमा 'चौथो' भनेर नामकरण गरिएको थियो। नेकपा (माले)ले अलग समूह र नाम राखेको भए पनि आफूलाई नेकपाकै निरन्तरताका रूपमा स्थापित गरेको थियो।

यस महाधिवेशनको तयारी विशेष सतर्कताका साथ गरिएको थियो। देशका विभिन्न सम्भावनाहरूको खोजी गर्दै हामीहरू– माधव नेपाल, जीवराज आश्रित, प्रदीप नेपाल र मैले उपयुक्त स्थानको खोजीमा अर्घाखाँची, रूपन्देही, धनुषा, ललितपुर, मोरङ, झापा हुँदै सिराहा पुगेका थियौँ। यी ठाउँहरूमध्ये सिराहा जिल्लाको बिष्णुपुरकट्टीको सर्रे अम्बास सबै हिसाबले उपयुक्त ठानियो। महाधिवेशन स्थलको टुङ्गो भएपछि हामी त्यहाँ चाहिने सबै कुराको तयारीमा लागेका थियौँ।

चौथो महाधिवेशनमा नेकपा (माले)ले आफ्ना कतिपय नीतिमा महत्त्वपूर्ण परिवर्तन गर्‍यो। संयुक्त वाममोर्चा बनाउन पहल गर्ने, निरङ्कुश राजतन्त्र र निर्दलीय पञ्चायती व्यवस्थाका विरुद्ध संयुक्त जनआन्दोलनका लागि नेपाली कांग्रेससित कार्यगत एकता गर्ने, विभिन्न वर्ग, पेसा, तहका जनतालाई परिवर्तनको अभियानमा सरिक गराउन व्यापक रूपमा सङ्गठित गर्ने आदि विषयहरूमा महत्त्वपूर्ण निर्णय गरेको थियो। यस बाहेक, मार्गदर्शक सिद्धान्तका रूपमा रहँदै आएको 'माओ त्सेतुङ विचारधारा'लाई ड्रप गर्ने निर्णय पनि गरिएको थियो। पार्टीको कार्यक्रममा 'बहुदलीय प्रतिस्पर्धासहितको जनवादी व्यवस्था' भनेर विशेष उल्लेख गरिएको थियो, जुन कुरा पाँचौँ महाधिवेशनले पारित गरेको 'जनताको बहुदलीय जनवाद'को कार्यक्रमको विजारोपणसमेत थियो।

यी नीति निर्माणमा मदन भण्डारीको महत्त्वपूर्ण र नेतृत्वदायी भूमिका रहेको थियो। उहाँको भूमिका यति महत्त्वपूर्ण ढङ्गले स्थापित भएको थियो कि उहाँ चुनौतीविहीन ढङ्गले नेताका रूपमा स्थापित हुनुभएको थियो र यही विशेष हैसियतका कारण उहाँ सर्वसम्मतीका साथ महासचिवमा निर्वाचित हुनुभएको थियो। त्यो महाधिवेशनमा कमरेड मदन भण्डारीको 'टावर पर्सानिलिटी' राम्ररी चिनिएको थियो।

महाधिवेशन सकिएर सबै साथीहरू बिदा भएपछि पनि मदन भण्डारी र म अन्तिमसम्म रहेका थियौँ। म त्यो कार्यक्रमको मूल व्यवस्थापक भएका कारण सबै मिलाउनुपर्ने कुराहरू मिलाएर, सबै साथीहरूसित आवश्यक कुरा गरेर बिदा भएको थिएँ। सबै काम सकेर हामीहरू दुवै जना होसियारीपूर्वक झन्डै दुई घण्टा हिँडेर पूर्व–पश्चिम राजमार्गसम्म पुगेका थियौँ। ९० जनाजतिको उपस्थितिमा, विशेष सुरक्षा प्रबन्ध गरेर हामीहरूले त्यो महाधिवेशन सम्पन्न गरेका थियौँ।

२०४६ सालको ऐतिहासिक जनआन्दोलनपछि खुलारूपमा केही नेताहरू सार्वजनिक परिचयका साथ देखापर्नु भएको भए पनि महासचिव मदन भण्डारी लगायतका केही नेताहरू खुला हुनुभएको थिएन, टेक नाममा वा अर्धभूमिगत रूपमा क्रियाशील हुनुहुन्थ्यो। मदन भण्डारीले पार्टीको प्रवक्ताका रूपमा आफूलाई सार्वजनिक गर्नुभएको थियो। यसै क्रममा, २०४७ सालमा 'नेपाल अधिराज्यको संविधान' जारी भएपछि तत्कालीन नेकपा (माले)का तर्फबाट त्यसप्रति '२७ बुँदे आलोचना' सार्वजनिक गरिएको थियो। जारी गरिएको नयाँ संविधानप्रति नेकपा (माले)को 'आलोचनात्मक समर्थन' का कारण पार्टी पङ्क्ति र समर्थक जनतामा समेत अन्योल सिर्जना हुन पुगेको थियो। यही पृष्ठभूमिलाई ख्याल गर्दै २०४७ कार्तिक २५ गते काठमाडौँको खुलामञ्चमा पार्टी महासचिवका रूपमा मदन भण्डारीले सर्वप्रथम सार्वजनिक सम्बोधन गर्नुभएको थियो र एकैपटक हजारौँ जनतालाई पार्टी दृष्टिकोणबारे स्पष्ट पार्नुभएको थियो। यही सभाले एकैपटक आमजनताले 'माले'को दृष्टिकोण बुझ्ने र मदन भण्डारीको प्रतिभासित परिचित हुने अवसर प्राप्त गरेका थिए।

उल्लिखित प्रसङ्गहरू विगतमा आफूसित सम्बन्धित कामहरूको प्रस्तुति मात्रै होइन, कस्तो पृष्ठभूमिमा नेकपा (एमाले) जस्तो गौरवशाली पार्टी निर्माण भएको हो भन्ने कुराको जानकारी पनि हो। विगतको यस्तो गौरवपूर्ण इतिहासको जगमा हाम्रो वर्तमान खडा भएको हो, यसलाई पार्टीसित सम्बन्धित सबैले, खासगरी युवा पुस्ताले थाहा पाउनुपर्छ। ●